# रियल म्याड्रिड दोस्रो स्थानमा



■ एजेन्सी

म्याड्रिड । स्पेनिस ला–लिगाको आइतबार राती भएको खेलमा रियल म्याड्रिडले सेभियालाई ४–२ ले हराएको छ । केलिएन एम्बाप्पे र फ्रेड्रिको भाल्भार्डेले लामो दुरीबाट गरेको प्रहार गोलमा परिणत भएको थियो । यसैगरी राड्रिगोले पनि पहिलो हाफमा नै गोल गरे । दोस्रो हाफमा रियलका लागि ब्राहिम डियाजले गोल गरे । सेभियाका कप्तान ३९औँ मिनेटमा वैकल्पिक खेलाडीको रूपमा मैदानमा प्रवेश गर्दा सबै जना भावुक भएका थिए । क्लबमा २० वर्ष बिताएका उनको त्यो अन्तिम खेल थियो । खेलमा १० औं मिनेटमा एम्बाप्पेले लामो दुरीबाट गरेको प्रहार गोलमा परिणत भएको हो । त्यसको १० मिनेटपछि भाल्भार्डेले ३० यार्डबाट अर्को गोल गरे ।

रोड्रिगोले ३४औं मिनेटमा गोल गरे । त्यसको लगत्तै इराक रोमेरोले घरेलु टोली सेभियाका लागि गोल गरेका थिए । दोस्रो हाफको आठौं मिनेटमा एम्बाप्पेले उपलब्ध गराएको बललाई ब्राहिम डियाजले आकर्षक ढंगले गोलमा परिणत गरेका थिए । सोही गोलपछि नाभास मैदानमा उपस्थित भएका थिए ।

फुटबलमा इतिहासमा युरोपेली च्याम्पियनसिप, विश्वकप र युइइएफ नेसन लिग जित्ने एक्लो खेलाडीको रुपमा कीर्तिमान कायम गरेका नाभासले २० वर्षअघि म्याड्रिडकै मैदानमा सेभियाका लागि डेब्यु गरेका थिए । खेल सकिन ५ मिनेट बाँकी रहँदा डोडी लुके बाइकोले सेभियाका लागि अर्को गोल गरे ।

जितपछि १ खेल कम खेलेको रियलले बार्सिलोनालाई पछि पार्दै अंक तालिकामा दोस्रो स्थानमा उक्लेको छ । १८ खेल खेलेका एट्लेटिको म्याड्रिडको ४१ तथा रियल म्याड्रिडको ४० अंक छ । १९ खेल खेलेको बार्सिलोना ३८ अंकसहित तेस्रो स्थानमा छ ।

आइतबार भएका अन्य खेलमा भिल्लारियलले लेगानेसलाई ५–२ ले तथा लास पल्मासले इस्पानियोललाई १–० ले हराए । यसैगरी, भ्यालेन्सिया र डेपोर्टिभो ला असभासको खेलमा २–२ तथा रियल बेटिस र रायो भल्कानो बीचको खेलमा १–१ गोलको बराबरी भयो ।

# उपप्रमुख कप महिला भलिबलको उपाधि जनज्योतिलाई

■ सौर्य समाचार

काठमाडौं । अन्तरपाटी महिला सञ्जाल अर्घाखाँचीको आयोजनामा सन्धिखर्कमा आयोजना गरिएको उपप्रमुख कप नगरस्तरीय महिला भलिबल खेल प्रतियोगिता सम्पन्न भएको छ । उक्त प्रतियोगिताको उपाधि जनज्योति माविले जितेको छ । सन्धिखर्क नगरपालिकाका ११ माध्यमिक विद्यालयको सहभागिता रहेको प्रतियोगिताको सोमबार भएको फाइनल खेलमा अर्घाखाँची आवासीय माविलाई सोझो सेटमा हराउँदै जनज्योति मावि विजेता बनेको हो ।

आयोजक अन्तरपाटी महिला सञ्जालका अध्यक्ष चन्द्रा गैरेका अनुसार प्रतियोगितामा अर्घाखाँची आवासीय मावि द्वितीय, गौरीशंकर इंग्लिस बोर्डिङ स्कुल तृतीय र भगवती मावि शंखेटारीले सान्त्वना पुरस्कार प्राप्त गरेको छ ।

प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने टोलीले ट्रफी, मेडल, प्रमाणपत्रसहित क्रमशः २० हजार, १५ हजार, ८ हजार र ५ हजार रुपैयाँ प्राप्त गरेका छन् ।

सन्धिखर्क नगरपालिकाको आर्थिक सहयोगमा सञ्चालन गरिएको उक्त प्रतियोगिता शुक्रबारदेखि सन्धिखर्कको टुँडिखेलमा सुरु भएको थियो । छात्राहरु खेलमा पनि अब्बल छन् भन्ने सन्देश दिने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको सन्धिखर्क नगरका उपप्रमुख मिश्रा आचार्यले बताइन् ।


नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०९/०९

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८१/०७/१४ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सिलबन्दी नं. | योजनाको नाम | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/GOODS/ 2081/082-01 | Supply and Delivery of Medicine and Surgical Goods | श्री Newton Medico Pharma, मध्यपुर थिमी-०१, लोकन्थली | रु. ५७७,३४०।- |


# लिभरपुलबाट गोलको वर्षा

■ एजेन्सी

लन्डन । टोटनहाम हटस्पर्स र लिभरपुलको इंग्लिस प्रिमियर सिपको खेलमा गोलको वर्षा भएको छ । आइतबार राति भएको खेलमा लिभरपुल ६–३ ले विजयी भएको हो । जितसहित लिभरपुलले अंक तालिकामा ४ अंकको अग्रता लिएको छ ।

२३औं मिनेटमा लुकास डियाजको गोलमा अग्रता लिएको लिभरपुलका लागि १३ मिनेटपछि एलिक्स म्याक एलिस्टरले गोल गरे । मध्यान्तरअघि जेम्स मेडिसनले गोल गर्दै टोटनहामको आशा जगाएका थिए । मेडिसनको सो गोल सिजनको आठौं व्यक्तिगत गोलसमेत हो । त्यसको लगत्तै मोहम्मद सलाहको पासमा डोमिनिक जोबोस्लाइले गोल गरे ।

५४औं मिनेटमा सलाहले गोल गरे । उनको सो गोल लिभरपुलका २२८औं गोल हो । लिभरपुलका लागि सबैभन्दा बढी गोल गर्ने खेलाडीको रूपमा उनी बिली बिडेलसँग बराबरी गर्न सफल भए । त्यसको लगत्तै अर्को गोल गरेर उनी इतिहास कायम गर्न सफल भएका हुन् । खेल सकिन १८ मिनेट बाँकी रहँदा डेजान कुलेक्सीले टोटनहामका लागि अर्को गोल गरे । डोमिनिक सोलान्केले अर्को गोल गरे । डियाजले अन्तिम समयमा लिभरपुलको छैटौं गोल गरे । विजयी लिभरपुल १६ खेलमा ३९ अंकसहित शीर्ष स्थानमा छ ।



दोस्रो स्थानमा रहेको चेल्सीको १७ खेलमा ३५ अंक छ । एभरटन र चेल्सीबीच आइतबार राति भएको खेलमा गोलरहित बराबरी भयो । फुलहाम र साउथहाम्टन बीचको खेलमा पनि गोलरहित बराबरी भयो । उल्भ्सले लिसेस्टर सिटी तथा बोर्न माउथले म्यानचेस्टर युनाइटेडलाई ३–०ले हराए ।

### तालिकामा एटलान्टाको अग्रता

इटालियन सिरिएमा एटलान्टा शीर्ष स्थानमा उक्लेको छ । आइतबार राती भएको खेलमा एटलान्टाले इम्पोलीलाई ३–२ ले हरायो । लोरेन्जो कोम्बेलाको सानदार भली गोलमा १३औं मिनेटमा नै इम्पोलीले अग्रता लिएको थियो । ३४औं मिनेटमा चार्ल्स डी क्याटलारेले हेड गोल गर्दै एटलान्टानालाई अग्रता दिलाएका थिए । एडेमोला लोकम्यानको गोलमा एटलान्टाले पहिलो हाफमा नै अग्रता लिएको थियो । सेबास्टिन इम्पोटीको पेनाल्टी गोलमा इम्पोली खेलमा फर्किए पनि एटलान्टाका लागि क्याटलारेले विजयी गोल गरे ।

एटलान्टाको १७ खेलमा ४० अंक छ भने दोस्रो स्थानमा रहेको नेपोलीको ३८ छ । १५ खेलमात्र खेलेको इन्टरमिलानको भने ३४ अंक छ । आइतबार भएका अन्य खेलमा युभेन्ट्सले मोन्जालाई २–१ ले हरायो भने भेनेजियाले कागलारीलाई २–१ ले हरायो । यसैगरी, रोमाले पर्मालाई ५–० ले हरायो ।


Sanfebagar Municipality
Office of Municipal Executive
Sanfebagar, Achham
Sudurpashchim Province, Nepal

Notice for Expression of Interest (EOI)
for
PREPARATION OF LOCAL ADAPTATION PLAN FOR ACTION (LAPA)
(Date of First Publication:24/12/2024 (B.S. 2081/09/09)

This is to inform that Sanfebagar Municipality, Office of Municipal Executive has published notice for EOI regarding the "Preparation of Local Adaptation Plans for Action (LAPA) on Sanfebagar Municipality" for National Consulting Service. Interested eligible National Consulting Firms should obtain further detailed information at Sanfebagar Municipality, Achham or may visit https://sanfebagarmun.gov.np .

Chief Administrative officer


## कला

# कायरोमा नेपाल–इजिप्ट सांस्कृतिक महोत्सव

■ सौर्य समाचार



काठमाडौं । नेपाली राजदूतावास कायरो, इजिप्ट सर्वोच्च सांस्कृतिक परिषद् र राष्ट्रिय बाल संस्कृति केन्द्रद्वारा विभिन्न विद्यालयमा अध्ययनरत बालबालिकाको सहभागितामा आइतबार कायरोमा नेपाल–इजिप्ट सांस्कृतिक महोत्सव आयोजना गरिएको छ ।

कायरोस्थित सैयदा जयनबस्थित बाल उद्यानमा आयोजित कार्यक्रम विद्यालयस्तरीय कला प्रतियोगितामा भाग लिने इजिप्सियन बालबालिकाले चित्रकला तथा काष्ठकलाका माध्यमबाट नेपालको विविधतापूर्ण प्राकृतिक, सामाजिक र सांस्कृतिक सम्पदाको चित्रण गरेका दूतावासले जनाएको छ । दूतावासका अनुसार, प्रतियोगितामा सहभागी बालबालिकाले नेपालको कला, संस्कृति, इतिहास, प्राकृतिक सम्पदा र जनजीवन झल्किने पशुपतिनाथ, स्वयम्भूनाथ, बौद्धनाथ, तलेजु भवानी, हिमाल, बुद्ध, कुमारी आदिको तस्बिर उतारेका थिए ।

त्यसअवसरमा नेपालसम्बन्धी प्रदर्शनी तथा कार्यशालाको पनि आयोजना गरिएको थियो । प्रतियोगितामा कायरोका विभिन्न स्कुलमा अध्ययनरत करिब १०० जना इजिप्सियन विद्यार्थीको सहभागी थिए ।

अरब गणतन्त्र इजिप्टका लागि नेपालका राजदूत सुशीलकुमार लम्साल, इजिप्ट सर्वोच्च सांस्कृतिक परिषद्का महासचिव प्राडा अशरफ अजाजी तथा इजिप्ट राष्ट्रिय बालसंस्कृति केन्द्रका प्रमुख अहमद अब्देल अलिमले कार्यक्रमको संयुक्तरूपमा उद्घाटन गरेका थिए ।

सो अवसरमा राजदूत लम्सालले इजिप्टका बालबालिका माझ नेपालको सांस्कृतिक र प्राकृतिक विशिष्टता एवं नेपाल–इजिप्ट सम्बन्धबारे जानकारी प्रदान गर्न कार्यक्रमले मद्दत पुऱ्याएको बताए ।

सांस्कृतिक परिषद्का महासचिव अजाजी तथा राष्ट्रिय बालसंस्कृति केन्द्रका प्रमुख अलिमले सहभागी विद्यार्थीको सिर्जनशील कलाको प्रशंसा गर्दै आगामी दिनमा यस्ता कार्यक्रमको निरन्तरता रहिरहने विश्वास प्रकट गरे । त्यस अवसरमा राजदूत लम्सालले प्रतियोगितामा १०औं स्थानसम्म हासिल गर्ने विद्यार्थीलाई पदक तथा सहभागी विद्यार्थीलाई प्रशंसापत्र प्रदान गरेको दूतावासले जनाएको छ ।


Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
New Town Project Office
Patan, Baitadi

Invitation for Online-Bids

(Notice No: IFB/2081/082/02)
Date of Publication: 2081/09/09 (24th Dec. 2024)

New Town Project Office Patan, Baitadi invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp.

| Contract ID: | Description of Works: | Total Estimated Amount NRs (Without VAT): | Bid Security Amount ( NRs) | Bid Document Fee |
|---|---|---|---|---|
| DUDBC/NTPO/Patan/ Works/NCB/2/2081-82 | Construction of Landfill site and infrastructure of access road in Patan New Town | 1,18,20,217.35 | 3,00,000 | (NRs):3000 |

Project chief

Sirijangha Rural Municipality
Office of The Rural Municipal Executive
Tellok, Taplejung

Invitation for Online Bids

*First Date of publication : - 2081/09/09 (24th – Dec. 2024)*

1. **Sirijangha Rural Municipality, Tellok, Taplejung** invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding – Single Envelope Bidding Procedures Specified in public procurement Act and Regulation. The name and identification of the contract are as follows:

| S.N. | Description of Works | Contract Identification No. | Estimate Amount NRs (With VAT, PS & Contingency) | Bid Security Amount (Nrs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Four (4) Aayojana at Different Location Within Sirijangha Rural Municipality, Ward No. 2 & 4, Taplejung | NCB/Works/ SRM/05/ 2081/082 | 30,02,628.94 | 85,000.00 | 3,000.00 | 2081/10/10 23rd Jan 2025 Noon 12:00 | 2081/10/10 23rd Jan 2025 Noon 13:00 | 90 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sirijangha Rural Municipality, Tellok, Taplejung, Facsimile no: 9769721963** or may visit PPMO website **www.bolpatra.gov.np/egp**.

Chief Administrative Officer


सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी